जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २१८ पृष्ठः ४ | २०८२ पुस ०६ आइतबार (Sunday 21 Dec. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com


## गरिब र दलितको निधनमा सहारा बनिरहेछ लहान नगरपालिका



**विनय आजाद**

सिरहा, ५ पुस। लहान नगरपालिकाले गरिब, विपन्न, दलित तथा मुसहर समुदायका सदस्यको मृत्यु भएपछि राहत वितरण गर्दै आएको छ। जसअन्तर्गत नगरपालिकाले शुक्रबार दुई घर परिवारलाई राहत प्रदान गरेको छ। नगरपालिकाले लहान–५ बलुवाटेलकी मृतक ४० वर्षीया डोमनीदेवी मोची र लहान–१८ बासाजोरीका मृतक ७० वर्षीया बचकुनी सदायको परिवारलाई सामग्री प्रदान गरेको हो। उनीहरूलाई प्रतिपरिवार एक क्विन्टल चामल, तीन किलो दाल, तीन किलो नुन, तीन लिटर तेल र एक थान फाइबर सिरक दिइएको छ।

यस्तै, उनीहरूले दिने निवेदनका आधारमा नगरपालिकाबाट क्रिया खर्चवापत पाँच हजार रूपैयाँ आर्थिक सहयोग पनि पाउने छन्। नगरपालिकाबाट प्राप्त सहयोगले केही राहत मिलेको र नगरपालिकाको यो कार्यक्रम गरिब तथा विपन्नका लागि

**–बाँकी दुई पेजमा**

## मृत्युभोज न्यूनीकरण गरेर कल्याणकोष बनाउने अभियानमा यादव समुदाय

**जीवछ यादव**

लहान, ५ पुस। यादवहरुको स्वजातीय संस्था गोपाल सेवा समिति लहानले मृत्युभोज न्यूनीकरण गरेर कल्याणकोष बनाउन जागरण अभियान थाल्ने बताएको छ। मृत्युभोजलाई निर्मुलीकरण गर्दैनौं, तर न्यूनीकरण गरेर भोजमा गर्ने खर्च सामाज कल्याणका लागि कल्याणकोषमा जम्मा गर्न अभियान सुरु गरिएको समितिका अध्यक्ष गणेश यादवले बताउनुभयो। सखुवानन्कारकटि गाउँपालिका– ३ महदेवाका ६२ वर्षीय सबुर देवी यादवको तेह्रौ दिनको अन्तिम श्रद्धाञ्जली दिन पुगेका गोपाल सेवा समितिका पदाधिकारी सदस्यहरु श्रद्धाञ्ली सभामा मृत्युभोजमा सहभागीको उपस्थितिमा उहाँले यस्तो उद्रोष गर्नुभएको हो।



गोपाल सेवा समितिको भेलामा मृत्युभोज न्यूनीकरण, दाइजोप्रथाको निर्मुलीकरण र सामाजिक कल्याणकोषमा रकम जम्मा गरेर शिक्षा स्वास्थ्य सामाजिक जागरका लागि यो अभियानमा सकेकाले मृत्युभोज न्यूनीकरण गर्न सबै यादव समुदायसँग उहाँले आग्रह गर्नुभयो। तराई मधेशका जिल्लाहरुमा मृत्युभोज गरेर आर्थिक रुपमा कतिपय परिवार ऋणमा डुबेको इतिहास छ। मृत्यु भोजको विकृति रोकेर कल्याणकोषमा जम्मा गरी शिक्षा, स्वास्थ्य, मानवीय विपति लगायको समयमा यस कोषको रकमलाई सदुपयोग गर्नुपर्ने आवाज गोपाल सेवा समितिमा उठ्न थालेपछि यस अभियानमा लागेको अध्यक्ष यादवले प्रष्टयाउनुभयो।

सिरहाम जिल्लामा मृत्युभोजमा लाग्ने खर्चलाई सामाजिक कल्याण कोषमा जम्मा गर्ने हो भर्ने वर्षेनी एक अर्बभन्दा बढी रकम जम्मा हुन सक्ने नागरिक अगुवा दिनेश यादवको भनाइ छ। कल्याणकोषको अवधारणा गोपाल सेवा समितिले ल्याउनु प्रगतिशील अभियान हो। यस अभियानलाई अन्य जाति समुदायहरुले पनि लाग गर्न आवश्यक छ,“ उहाँले भन्नुभयो।

**–बाँकी दुई पेजमा**


## निर्वाचनमा सहभागी बनौं।

- आवधिक निर्वाचन लोकतन्त्रको आधारशिला हो।
- निर्वाचन मतदाताको मताधिकार प्रयोग गर्ने अवसर पनि हो।
- मतदानबाट नागरिकले आ  ना प्रतिनिधिमार्फत शासन सञ्चालनमा सहभागिता जनाउने।
- स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट सरकार वा सत्ताको शान्तिपुर्ण हस्तान्तरण हुने।
- निर्वाचनबाट मौलिक हक र मानवअधिकारको संरक्षण हुने।
- मतदाताको राजनीतिक छनौटको अधिकार सुनिश्चित हुने।
- लोकतन्त्रको संस्थागत विकास र विधिको शासन स्थापित हुने।
- जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण हुने हुँदा, निर्वाचनमा सहभागी बनौं, मताधिकारको प्रयोग गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## औरहीका किसानलाई अनुदानमा गहुँको बीउ वितरण

सिरहा, ५ पुस। औरही गाउँपालिकाले किसानलाई ५० प्रतिशत अनुदानमा उन्नत जातको गहुँको बीउ वितरण गरेको छ। उपयुक्त समयमै गहुँको भरपर्दो बीउ पाएपछि यहाँका किसान उत्साहित भएका छन्। मधेस प्रदेशमा सामान्यतया मध्य पुसभित्र गहुँ बाली लगाइसक्नुपर्ने भएकाले समयमै बीउ नपाउँदा किसान हरेक वर्ष समस्यामा पर्ने गरेका छन्।

यस्तो अवस्थामा गाउँपालिकाको कृषि शाखामार्फत यहाँको माटो र हावापानीमा पर्याप्त उत्पादन दिने गौतम‘ र विजय’ जातको गहुँको



बीउ ५० प्रतिशत सहुलियत दरमा उपलब्ध गराएपछि किसानलाई राहत पुगेको छ। औरही–१ का जयकिशोर यादवले बीउ पाएपछि खेत जोत्न र अन्य तयारी गर्न सहज भएको बताए। गाउँपालिकाले कृषि उत्पादन बढाउने र आधुनिक कृषि प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने उद्देश्यले दुई वर्षदेखि मुख्य बाली लगाउने समयमा किसानलाई बीउ, मल

**–बाँकी तीन पेजमा**





**GUPTA BROTHER'S AUTO TRADE** Mirchaiya, 033-550744 | 9801552812


## ब्राउन सुगरसहित दुई युवकलाई प्रहरीले गरे पक्राउ

सिरहा, ५ पुस। सिरहा प्रहरीले लहानबाट १६ ग्रामभन्दाबढी प्रतिवधित लागुपदार्थ ब्राउन सुगरसहित दुई युवकलाई नियन्त्रणमा लिएको छ। लहान २३ गढिया चोकबाट स्थानिय ३६ वर्षीय बिजय कुमार साह र ३१ वर्षीय सुरेन्द्र कुमार दासलाई १६ ग्राम ५ मिलिग्राम ब्राउन सुगरसहित प्रहरीले विहिवार बेलुका पक्राउ गरेको हो। विशेष सूचनाको आधारमा लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय गोलबजार समेतबाट

**–बाँकी तीन पेजमा**

# सम्पादकीय

## लोकतन्त्रको मेरुदण्ड मिडिया

लोकतन्त्र, संविधान र सुशासनको रक्षा तथा प्रवर्द्धनमा स्वतन्त्र, सक्षम र जिम्मेवार मिडियाको भूमिका अपरिहार्य छ। यही यथार्थलाई पुनः स्मरण गराउँदै मधेश प्रदेश मिडिया काउन्सिलद्वारा लहानमा आयोजित 'सञ्चारमाध्यमको अवस्था र चुनौती' विषयक गोष्ठीले सञ्चार क्षेत्रले भोगिरहेका गम्भीर समस्या र त्यसको समाधानमा राज्यको भूमिकामाथि स्पष्ट प्रश्न उठाएको छ। गोष्ठीमा उठेका आवाजले एकै कुरा संकेत गर्छन मिडियालाई जोगाउन संघ, प्रदेश र स्थानीय तीनै तहका सरकार गम्भीर बन्नैपर्छ।

प्रदेश अन्तर्गतका आठै जिल्लाका सञ्चारमाध्यम आर्थिक संकट, नीतिगत अस्पष्टता, प्रविधिगत चुनौती र सुरक्षा जोखिमको दोहोरो–तेहोरो मारमा परेका छन्। विज्ञापन वितरणमा असमानता, क्षमता विकासका कार्यक्रमको अभाव र पत्रकारको सामाजिक तथा पेसागत सुरक्षामा राज्यको कमजोर उपस्थितिले स्थानीय मिडिया झनै कमजोर बन्दै गएका छन्। यस्तो अवस्थामा "स्वतन्त्र प्रेस" केवल नारामा सीमित हुने खतरा बढेको छ। निर्वाचन लोकतन्त्रको आधारस्तम्भ हो। जेन–जी आन्दोलनपछिको राजनीतिक परिवेशमा निर्वाचनको तयारी भइरहेको सन्दर्भमा पत्रकार र सञ्चारमाध्यमको भूमिका अझ जिम्मेवार र प्रभावकारी हुनुपर्ने आवश्यकता झनै बढेको छ। निष्पक्ष सूचना प्रवाह, जनतालाई सुसूचित गर्ने र सत्तालाई खबरदारी गर्ने काम मिडियाले मात्र गर्न सक्छ। तर, पत्रकार स्वयं असुरक्षित, अस्थिर र दबाबमा छन् भने त्यो जिम्मेवारी कसरी पूरा हुन्छ ? त्यसैले पत्रकारको पेसागत, सामाजिक र आर्थिक सुरक्षाको जिम्मेवारी राज्यले लिनु लोकतान्त्रिक दायित्व हो।

मधेश प्रदेश आमसञ्चार प्राधिकरण र मिडिया काउन्सिलले मिडियालाई व्यवस्थित र सशक्त बनाउन केही पहल थालेका छन्। अनलाइन दर्ता प्रक्रिया, बीमा नीतिमा सुधार, छात्रवृत्ति, पत्रकार कल्याण कोष, लेखनवृत्ति र पुरस्कार जस्ता कार्यक्रम सकारात्मक संकेत हुन्। तर, यी पहलहरू पर्याप्त छैनन्। ठोस नीति, दिगो बजेट र प्रभावकारी कार्यान्वयनबिनाका योजना कागजमै सीमित हुने जोखिम रहन्छ। स्थानीय सञ्चारमाध्यमहरूलाई जोगाउन विज्ञापन नीति न्यायोचित र समानुपातिक हुनुपर्छ। प्रदेश र स्थानीय सरकारले आ ना सूचना तथा विज्ञापन ठूला मिडियामा मात्र केन्ठित गर्ने प्रवृत्ति त्याग्नुपर्छ। साथै, पत्रकारिता क्षमता अभिवृद्धि, प्रविधि अनुकूलन र डिजिटल रूपान्तरणमा सरकारी लगानी बढाउनैपर्छ। पत्रकार आचारसंहिता पालन र इमानदार पत्रकारिताको अभ्यास पत्रकार स्वयंको दायित्व भए पनि त्यसका लागि अनुकूल वातावरण सिर्जना गर्नु राज्यको जिम्मेवारी हो। निष्कर्षमा, लोकतन्त्रको मेरुदण्ड मानिने मिडिया कमजोर भयो भने सुशासन, पारदर्शिता र नागरिक अधिकार सबै कमजोर हुन्छन्। त्यसैले सञ्चारमाध्यमलाई स्वतन्त्र, सक्षम र जीवित राख्न संघ, प्रदेश र स्थानीय तीनै तहका सरकार अब भाषणमा होइन, व्यवहारमा गम्भीर बन्नुपर्छ। मिडियामा लगानी गर्नु भनेको लोकतन्त्रमा लगानी गर्नु हो यो सत्य स्वीकार्न अब ढिला गर्नु हुँदैन।

### गरिब र दलितको..

निकै सहयोगी बनेको पीडित परिवार बताउँछन्।

दैनिक ज्याला मजदुरी गरेर जीविका चलाउने गरिब, दलित तथा विपन्नहरू यस्तो शोकको घडीमा विगतमा भोकै बस्नुपर्ने स्थिति देखेको र आफू निर्वाचित भए यता त्यसलाई अन्त्य गर्न यो कार्यक्रम सञ्चालन गरेको नगरप्रमुख महेशप्रसाद चौधरीले बताउनुभयो। २०७९ सालदेखि नै यो कार्यक्रम सञ्चालन गर्दै आएको नगरपालिकाले शव जलाउनका लागि नगरबासीलाई दाउरासमेत उपलब्ध गराउँदै आएको छ।

### मृत्युभोज न्यूनीकरण...

अहिले लहानमा मात्रै यहि अभियानअन्तर्गत करोडौंको रकम सङ्कलन गरेर गोपाल सेवा सिमिति भवन, माडवाडी सेवा सदन, कुशवाहा सेवा समिति सदन, सुँडी कल्याण सदन निर्माण भइसकेका छन् भने थारु कल्याण सेवा भवन निर्माण कार्य भइरहेको छ। सबै जाति समुदायका अगुवाहरु साझा मञ्च बनाएर मृत्युभोजको न्यूनीकरण गर्न साझा धारणा बनाउनुपर्ने र मृत्युभोज र दाइजोमुक्त समाज निर्माणका लागि अघि बढ्न आवश्यक रहेको बुद्धिजीवि रामविहारी साहले तर्क गर्नुभयो।

# कांग्रेसको चुनौती र डा. शेखरको संकल्प

**डा. शोभाकर पराजुली**

नेपाली कांग्रेसको सभापति निर्वाचन सामान्य आन्तरिक प्रतिस्पर्धा मात्रै होइन। यो चुनावमा पार्टीले एउटा कठोर प्रश्नको जवाफ दिनुपर्नेछ। कांग्रेस बचाउने नेतृत्व चाहिन्छ कि कुर्सी मिलाउने सभापति ? यही प्रश्नको केन्द्रमा डा. शेखर कोइरालाको नेतृत्व बहस उभिएको छ। मूलतः अहिले चुनाव जित्ने होइन। कांग्रेस जोगाउने कुरा हो। कांग्रेसले विगतमा आफ्नो आन्तरिक जीवनको चुनावी गणित धेरै मिलायो। तर संगठन जोगाउन सकेन। सभापति निर्वाचनलाई सत्ता नजिक पुग्ने सिँढी बनाइयो, पार्टी सुधार्ने उपकरण बनाइएन। डा. शेखर कोइरालाको सवाल यही हो– पहिला पार्टी, अनि मात्र सत्ता।

सत्ता चाहने धेरै छन् तर पार्टी बनाउने भने न्यून छन्। अब नेपाली कांग्रेसलाई केवल गुटको मुखिया होइन गुट तोड्ने सभापति चाहिएको छ। मुलुकभरका कार्यकर्ता, पार्टीका मौन समर्थक तथा विदेशमा रहेको ठुलो नेपाली समाजले नेपाली कांग्रेसमा बदलाव खोजिरहेको छ। नयाँ र ताजा सुरुआत खोजिरहेको छ। पुरानो र नयाँ पीढी जोड्ने सेतु व्यक्तित्वको प्रतीक्षामा छन् उनीहरू।


कांग्रेसलाई आज विपक्षीले नभएर गुटले कमजोर बनाएको छ। सभापति गुट सन्तुलनकर्ता भएन भने कांग्रेस कहिल्यै उठ्दैन। डा. शेखर कोइरालासँग जोडिएको अपेक्षा स्पष्ट छ– गुट चलाउने होइन, गुट समाप्त गर्ने नेता चाहियो। गुट चलाएर, घुर्की दिएर जितिएको सभापतित्व पार्टीको हार हो। पुस्तान्तरण केवल भाषणमा होइन अब कुर्सीमा देखिनुपर्छ।

कांग्रेसमा युवा भोलिको आशा' भनेर प्रयोग हुन्छन्। आजको निर्णयकर्ता हुँदैनन्। अब त्यस्तो अवस्था सधैँ रहनु हुँदैन। डा. शेखर कोइरालाको नेतृत्व बहस घोषणाको होइन। त्यही एकै ठाउँमा जकडिएको कुर्सी नयाँ पङ्क्तिमा सार्ने साहसको परीक्षा हो। युवाले खोजेको पोस्टर' हो कि पोटेन्सियालिटी' भन्ने व्यवहारिक जवाफको प्रतीक्षामा छन् सबै। आजको दिनमा वैचारिक अस्पष्टता नै कांग्रेसको पहिचानको संकट हो। आजको कांग्रेस के हो भनेर सोध्दा नेताले पनि गोलमटोल जवाफ दिन्छन्। लोकतान्त्रिक समाजवाद केवल नारामा मात्र बाँकी छ।

डा. शेखर कोइरालाको धार स्पष्ट छ– कांग्रेस सत्तामुखी दल होइन, लोकतान्त्रिक विवेकको संस्था हो। विचार हरायो भने संगठन पोस्टरमा मात्र बाँच्छ। सरकारले पार्टी चलाउने कि पार्टीले सरकार ? कांग्रेस सत्तामा पुग्नेबित्तिकै पार्टी मौन हुन्छ तर सरकार सर्वशक्तिमान् हुन पुग्छ। विकृति आउने त्यहीबाट हो। यो रोग सभापतिले नै निको पार्नुपर्छ।

त्यसैले डा. शेखर कोइरालाको नेतृत्व बहस पार्टीलाई सरकारको छायाबाट निकाल्ने अडान हो। पार्टी बोल्न नसक्ने भए सभापति किन चाहियो ? जितको गणितभन्दा भरोसाको राजनीति चाहिएको छ। कांग्रेसले पटक–पटक सरकार त बनायो तर जनताबाट भने झनै टाढा गयो। गणितले सरकार टिकाउँछ तर भरोसाले इतिहास बनाउँछ। डा. शेखर कोइरालाको राजनीति यही भरोसा पुनर्निर्माणको दाबी हो।

मत किन्ने राजनीति छोटो हुन्छ। भरोसा जित्ने राजनीति दीर्घकालीन हुन्छ। अन्तिम फैसला गर्ने मतपत्रमार्फत अब नाम होइन नियत छानिँदैछ। यो सभापति निर्वाचनमा कांग्रेसले व्यक्ति छान्दै छैन– यो चुनावमा गुट कि संस्था, कुर्सी कि सुधार, सत्ता कि सिद्धान्त छानिँदैछ।



डा. शेखर कोइरालाको नेतृत्व बहस कुनै गुटको अभियान होइन बरु कांग्रेस परिवर्तन गर्न अझै बाँकी छ कि छैन भन्ने अन्तिम परीक्षण हो। यो चुनावमा कुर्सी कसले पाउँछ भन्ने होइन, कांग्रेस बाँच्छ कि बाँच्दैन भन्ने छिनोफानो गर्ने अवसर हो।

नेपाली कांग्रेस नेपालमा लोकतान्त्रिक आन्दोलनको सबैभन्दा पुरानो र निर्णायक राजनीतिक शक्ति हो। राणा शासनविरुद्धको संघर्षदेखि संविधानसभासम्मको यात्रामा कांग्रेसले लोकतन्त्र, नागरिक स्वतन्त्रता र समावेशी राज्यको आधार निर्माणमा ऐतिहासिक योगदान दिएको छ। तर विडम्बना , यही गौरवशाली इतिहास आज कांग्रेसका लागि शक्ति मात्र नभएर चुनौती पनि बन्दै गएको छ।

नेपाली कांग्रेस अझै पनि आफूलाई आन्दोलनको इतिहासबाट वैध ठान्ने मानसिकतामा अल्झिएको देखिन्छ। बदलिँदो समाज, प्रविधि र राजनीतिक चेतनाको सन्दर्भमा कांग्रेसको संगठनात्मक संरचना, निर्णय प्रक्रिया र राजनीतिक संवाद अपेक्षित गतिमा अद्यावधिक हुन सकेको छैन। इतिहासको स्मरण प्रेरणाका लागि हुनुपर्थ्यो। तर अक्सर आत्मसन्तुष्टिको कवच बन्दै गएको छ।

कांग्रेसभित्र पुस्तान्तरण औपचारिक रूपमा स्वीकार गरिए पनि व्यवहारमा त्यो सीमित व्यक्तित्व वरिपरि घुमिरहेको छ। युवा पुस्तालाई भाषणमा अवसरको कुरा गरिन्छ। तर निर्णय तहमा उनीहरूको सार्थक उपस्थिति कमजोर छ। नेतृत्व परिवर्तनलाई खतरा ठान्ने संस्कृतिले संगठनलाई गतिहीन बनाइरहेको छ। कांग्रेसको सबैभन्दा पुरानो र गहिरो समस्या गुटबन्दी हो। विचार र नीतिभन्दा पनि व्यक्ति र शक्ति सन्तुलनका आधारमा गुट निर्माण हुनु पार्टीको संस्थागत क्षयको सङ्केत हो।

गुटबन्दीले कांग्रेसलाई संगठन' भन्दा संघर्षरत समूहहरूको जमात' जस्तो बनाइरहेको छ। लोकतान्त्रिक समाजवाद कांग्रेसको औपचारिक वैचारिक आधार हो। तर व्यवहारमा कांग्रेस न त स्पष्ट समाजवादी कार्यक्रमसहित देखिन्छ न बजारमुखी नीतिप्रति इमानदार वैचारिक बहसै गर्छ। नयाँ पुस्ताका मतदाताले सोध्ने प्रश्न सरल छ– कांग्रेस के मानेमा फरक छ ? यसको स्पष्ट जवाफ दिन कांग्रेस अझै असमर्थ देखिन्छ।

कांग्रेस सत्तामा पुग्दा स्थिरता' का नाममा यथास्थितिवादी अभ्यासमा रमाउने आरोप लाग्ने गरेको छ। प्रशासनिक सुधार, सुशासन, दल–राज्य दूरी, भ्रष्टाचार नियन्त्रण जस्ता विषयमा कांग्रेसको कार्यसम्पादन अपेक्षाअनुसार देखिँदैन। यसले कांग्रेसलाई परिवर्तनको वाहक होइन व्यवस्थापक पार्टीका रूपमा सीमित गरिदिएको छ। डिजिटल युगमा राजनीति केवल सभा र विज्ञप्तिमा सीमित छैन। तर कांग्रेसको संवाद शैली अझै पुरानै ढाँचामा अडिएको देखिन्छ।

युवा मतदाता केवल नाराले होइन, दृष्टि, अवसर र विश्वसनीयताले आकर्षित हुन्छन्, जहाँ कांग्रेस कमजोर देखिन्छ। संघीयता कांग्रेसकै नेतृत्वमा स्थापित भएपनि यसको प्रभावकारी कार्यान्वयन, प्रदेश–स्थानीय तहसँगको सम्बन्ध र समावेशी शासन अभ्यासमा कांग्रेसले अपेक्षित नेतृत्व दिन सकेको छैन। नीति बनाउने र त्यसलाई जीवन बनाउने बीचको दूरी कांग्रेसको अर्को चुनौती हो।

संकट कि अवसर ! नेपाली कांग्रेस आज यहि गम्भीर दोसाँधको मोडमा उभिएको छ। यो अवस्था पतनको सङ्केत मात्र पक्कै होइन आत्मसमीक्षा र पुनर्निर्माणको अवसर पनि हो। कांग्रेसले आन्तरिक लोकतन्त्र बलियो बनाउँदै पुस्तान्तरणलाई व्यवहारमा उतारेको खण्डमा, स्पष्ट वैचारिक दिशा तय गरेमा तथा नागरिकसँग नयाँ भाषामा संवाद गर्न सकेको अवस्थामा अझै नेपालको लोकतान्त्रिक राजनीतिमा केन्द्रीय भूमिका निर्वाह गर्न सक्षम छ। नत्र, इतिहासको भारी बोकेर भविष्य गुमाउने खतरा सधैं रहिरहनेछ।

नेपाली कांग्रेसको सबैभन्दा ठुलो चुनौती विपक्षी होइन, आफ्नै परिवर्तन क्षमताको परीक्षा हो। नेपाली कांग्रेस आज केवल सत्ताको गणितमा अल्झिएको दल होइन। आफ्नै अस्तित्व र दिशामाथि प्रश्न उठिरहेको ऐतिहासिक मोडमा उभिएको पार्टी हो। यही सन्दर्भमा डा. शेखर कोइरालाको नेतृत्व बहस कुनै व्यक्तिको महत्वाकांक्षा मात्र होइन। कांग्रेसको आत्मसुधार सम्भव छ कि छैन भन्ने परीक्षण बिन्दुका रूपमा देखा परेको छ।

नेपाली कांग्रेसको वर्तमान सङ्कट विपक्षी दलको चुनौती भन्दा पनि आन्तरिक जडता, गुटबन्दी र वैचारिक अस्पष्टतासँग गाँसिएको छ। यस्ता बेला नेतृत्व बहस व्यक्तित्व भन्दा प्रणाली र संस्कृतिको बहस हुनुपर्छ। डा. शेखर कोइरालाको उदय यही प्रश्नसँग जोडिएको छ– के कांग्रेस अब पनि व्यक्ति–केन्द्रित शक्ति सन्तुलनमै सीमित रहनेछ कि संस्थागत नेतृत्वतर्फ मोडिनेछ ?

कोइराला नाम कांग्रेसका लागि केवल इतिहास होइन नैतिक दायित्व पनि हो। तर डा. शेखर कोइरालाको पहिचान केवल वंशीय विरासतमा सीमित छैन। पार्टीभित्र उनी प्रायःविधि र प्रक्रियाको पक्षधर, आन्तरिक लोकतन्त्रको वकालत गर्ने तथा सत्ता भन्दा संगठनलाई प्राथमिकता दिनुपर्ने धार प्रस्तुत गर्ने नेताका रूपमा चिनिन्छन्। नेतृत्व बहस यहाँ अमुक नामलाई अघि सारेर थालिएको बुद्धिविलास पक्कै होइन राजनीतिक शैलीको विमर्श हो।

गुटबन्दीको विकल्प कि अर्को गुट भन्ने पनि महत्वपूर्ण प्रश्न छ। कांग्रेसको दीर्घकालीन रोग गुटबन्दी हो। डा. शेखर कोइरालासँग जोडिएको मुख्य अपेक्षा यही हो– उनले पनि गुटको नेतृत्व गर्नेछन कि गुटभन्दा माथि उठ्ने राजनीतिक संस्कार निर्माण गर्न सक्नेछन् ?

उनको नेतृत्व गुट सन्तुलनमै सीमित भयो भने यो बहस पनि अरूजस्तै अर्थहीन बन्नेछ। तर यदि उनले संस्थागत सुधारलाई प्राथमिकता दिए भने कांग्रेसको

–बाँकी तीन पेजमा

## कांग्रेसको चुनौती...

चरित्र नै बदलिन सक्छ। डा. शेखर कोइरालाको नेतृत्व बहस युवा पुस्तासँग गहिरो रूपमा जोडिएको छ। कांग्रेसको मुख्य कमजोरी नै युवालाई सुन्ने नभएर प्रयोग गर्ने प्रवृत्ति बनेको छ। यदि शेखर कोइरालाले युवालाई निर्णय तहमा सार्थक स्थान, वैचारिक बहसमा सहभागिता र संगठनात्मक अवसर दिन सके भने त्यो केवल पुस्तान्तरण होइन– पार्टी संस्कृतिको परिवर्तन हुनेछ।

नेपाली कांग्रेस आज मध्यमार्गी' भन्ने नाममा वैचारिक धूमिलतामा फसेको छ। डा. कोइरालाले बारम्बार लोकतान्त्रिक मूल्य, संवैधानिकता र विधिको शासनको कुरा उठाएका छन्। नेतृत्व बहसको सार यही हो– कांग्रेस सत्ता जित्ने मेसिन बन्ने कि लोकतान्त्रिक मूल्यको संस्थागत संरक्षक ? कांग्रेस सत्तामा पुग्दा पार्टी निष्क्रिय र सरकार केन्द्रित हुने प्रवृत्ति देखिन्छ। शेखर कोइरालाको धारले पार्टीलाई सरकारको छाया होइन त्यसलाई निर्देशन गर्ने संस्थाका रूपमा पुनर्स्थापित गर्ने संकेत गर्छ।

यो दृष्टिकोण कार्यान्वयन हुन सके कांग्रेसको विश्वसनीयता पुनर्जीवित हुन सक्छ। डा. शेखर कोइरालाको नेतृत्व बहस कुनै व्यक्ति जित्ने–हार्ने प्रतिस्पर्धा मात्र होइन। यो कांग्रेसको भविष्य कुन बाटो हिँड्छ भन्ने निर्णय हो। यदि कांग्रेसले आन्तरिक लोकतन्त्रलाई आत्मसात् गर्ने, गुटभन्दा विचारलाई प्राथमिकता दिने र युवासँग भरोसाको नयाँ सम्बन्ध बनाउने नेतृत्व रोज्न सक्यो भने डा. शेखर कोइरालाको नेतृत्व परिवर्तनको सङ्केत बन्न सक्छ।

नत्र, यो बहस पनि कांग्रेसको लामो इतिहासको कडीमा अर्को अधुरो अवसर भएर मात्र रहनेछ। डा. शेखर कोइरालाले थालेको बहसको केन्द्रीय प्रश्न व्यक्तिको छनोटमा सीमित छैन– नेपाली कांग्रेस परिवर्तन गर्न साँच्चै तयार छ कि छैन भन्नेमा केन्द्रित छ। रातोपाटीबाट

## औरहीका....

तथा कृषि उपकरण सहुलियत दरमा उपलब्ध गराउँदै आएको गाउँपालिकाका अध्यक्ष शिवजी यादवले जानकारी दिए।

"हामीले गहुँमात्र होइन, धान, तरकारी र मकै खेतीका लागि पनि बीउ, मलखाद र कृषि उपकरण सहुलियत दरमा उपलब्ध गराउँदै आएको छ, यसले किसानको उत्पादन र आयआर्जनमा सकारात्मक प्रभाव पारेको छ," अध्यक्ष यादवले भने। गाउँपालिका कृषि शाखाका अनुसार यस वर्ष कुल एक हजार चार सय ४४ किसानलाई गहुँको बीउ वितरण गर्ने लक्ष्य छ। प्रति किसान २० किलोका दरले वितरण भइरहेको बीउको बजार मूल्य प्रतिकिलो रु ७४ रहेकामा ५० प्रतिशत छुटमा किसानलाई उपलब्ध गराइएको हो।

कृषि शाखा प्रमुख राजदेव यादवका अनुसार, वडा वडामा किसानको माग संकलन गरेर हालसम्म करिब एक हजार किसानलाई बीउ उपलब्ध गराइसकिएको छ। बीउ वितरण पुस पहिलो साताभरि जारी रहने यादवले जानकारी दिए।

## ब्राउन सुगरसहित ...

खटिएको प्रहरी टोलिले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको प्रहरीले जनाएको छ। प्रहरीले यस सम्वन्धमा थप अनुसन्धान गरिरहेको जनाएको छ।

# मधेशमा अचानक चिसो बढ्यो, शीतलहरको अनुभूति

**रवीन्द्र उप्रेती**

बर्दीबास, ५ पुस। मधेश प्रदेशमा शुक्रबारदेखि एकाएक चिसो बढेपछि शीतलहरको अनुभूति हुन थालेको छ। अघिल्लो दिनसम्म झलमल्ल घाम लागेको महोत्तरीको मौसमले अचानक कोल्टे फेर्दै चिसो बढाएको हो। शनिबार यहाँको न्यूनतम तापक्रम ११ डिग्रीमा झरेको छ। बिहानैदेखि बाक्लो हुस्सु, पश्चिमी चिसो स्याँठ र दिनभरि घाम नलाग्दा मौसमी तापक्रममा उल्लेख्य गिरावट आएको छ। बिहीबार यहाँको तापक्रम २४ डिग्री सेल्सियस रहेकोमा शुक्रबार एकाएक घटेर २० डिग्रीमा झरेको झरेको थियो।

बिहानदेखि सिमसिम परेको तुषारोले जाडो अझै बढाएको स्थानीयले बताएका छन्। मटिहानी, जलेश्वर, सम्सी लगायत महोत्तरीका सीमावर्ती क्षेत्रमा चिसोको थप प्रभाव देखिएको छ। मङ्सिर–पुस लागेसँगै मधेशमा हरेक वर्ष शीतलहरको प्रकोप देखिँदै आएको छ। गत वर्ष २०८१ साल पुस २४ गतेदेखि तापक्रम घटेको थियो भने यस वर्ष पुस ४ गतेदेखि नै शीतलहरका लक्षण देखिएको छ। कठ्याङ्ग्रिने जाडोका कारण सडकमा पैदल यात्रीको संख्या घटेको छ। बिहानैदेखि सवारी चाप रहने पूर्व–पश्चिम राजमार्ग र विपी राजमार्गमा दिनभरि बत्ती बालेर सवारी साधन गुडिरहेको देखिएको छ। जाडोका कारण सडका गुडने सवारीको संख्या पनि घटेको छ।

सामान्यतया बिहान ८ बजे खुल्ने बजारका पसलहरू शुक्रबार १० बजेसम्म पनि अधिकांश बन्द देखिएका थिए। मधेश प्रदेश स्वास्थ्य तालिम केन्द्र पथलैयाका डा. राजीव झाका अनुसार शीतलहरको समयमा शरीरको तापक्रम अत्यधिक घट्दा हाइपोथरमिया' हुने जोखिम बढ्छ। यस समयमा श्वासप्रश्वासको सङ्क्रमण, दम,



रुघाखोकी, रक्तचाप बढ्ने, कान दुख्ने जस्ता समस्या देखिन सक्छन्। हाइपोथरमियाबाट बच्न अत्यावश्यक काम बाहेक घरबाहिर ननिस्कन, शरीर न्यानो राख्न र झोलिलो तथा पोषिलो खानपानमा ध्यान दिनुपर्ने उहाँको सुझाव छ।

शीतलहरको सम्भावित प्रभावलाई ध्यानमा राख्दै स्थानीय तहहरूले तयारी अवस्थामा रहेको जनाएका छन्। बर्दीबास नगरपालिकाका नगर प्रमुख प्रहलाद क्षेत्रीले गत वर्षको तुलनामा यस वर्ष करिब २० दिन अगावै शीतलहर देखिएको बताउनुभयो। जाडोको प्रकोप बढेमा सार्वजनिक स्थानमा घुर बाल्ने व्यवस्था, गरिब तथा विपन्न समुदायका लागि न्यानो कपडा वितरणजस्ता कार्यक्रम सञ्चालन गरिने उहाँले जानकारी दिनुभयो। नगर प्रमुख क्षेत्रीले भन्नुभयो, आजबाट शीतलहर सुरु भएको देखिएको छ। प्रकोप बढ्दै गए शीतलहर व्यवस्थापनका लागि हामी तयारी अवस्थामा छौँ।"

यसैगरी स्थानीय तहका केही वडाहरूले पनि जाडो अझै बढेमा विपन्न समुदायका लागि दाउरा, कम्बल वितरणको तयारी गरेको जनाएका छन्।

# जनमत पार्टीका कार्यकारिणी सदस्यसहित नेताहरू आजपामा प्रवेश

रौतहट, ५ पुस। जनमत पार्टीका कार्यकारिणी समिति सदस्यसहित दर्जनौँ प्रभावशाली नेताहरूले पार्टी परित्याग गरी आम जनता पार्टी (आजपा) मा प्रवेश गरेका छन्। आजपा अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहको गृह नगर रौतहटको मौलापुरको पतौरा बजारमा आयोजित एक विशेष कार्यक्रमबिच उनीहरू आजपामा प्रवेश गरेका हुन्। पार्टी प्रवेश गर्नेहरूमा जनमत पार्टीका कार्यकारिणी सदस्य सुनिल यादव, केन्द्रीय सदस्यहरू सियाराम जयसवाल र विनोद यादव, तथा सांस्कृतिक जनमत संघका केन्द्रीय सदस्यद्वय दीपक बैठा र रामबाबु यादव रहेका छन्।



यसैगरी बारा जिल्लाका विभिन्न तहका जिम्मेवार नेताहरू कामेश्वर मुखिया, सन्दिप यादव, राजेश यादव, र वडा अध्यक्षहरूसहित ठुलो संख्यामा कार्यकर्ताहरू आजपामा गोलबद्ध भएका छन्। नवप्रवेशीमध्ये अधिकांश बारा क्षेत्र नं २ का रहेका छन्। नवप्रवेशी नेताहरूले जनमत पार्टीले जनताको आवश्यकता र चाहना पूरा गर्न नसक्ने ठहर गर्दै आजपाको नीति, विचार र समृद्धिको खाका नै मुलुकको लागि सही भएको बताएका छन्। उनीहरूलाई स्वागत गर्दै अध्यक्ष प्रभु साहले अबिर र माला लगाएर सफल राजनीतिक भविष्यको शुभकामना व्यक्त गरे। पछिल्लो समय मधेशमा जनमत पार्टी छाडेर आजपा रोज्ने नेताहरूको लहर चलेको छ। यसअघि पनि जनमतका केन्द्रीय सदस्यहरू विक्रमबहादुर बम र पुष्पराज भण्डारी लगायतका नेताहरू आजपामा प्रवेश गरिसकेका छन्।

# मधेश प्रदेशको सभामुखका लागि दुई जनाको उम्मेदवारी दर्ता

काठमाडौं, ५ पुस। मधेश प्रदेशसभाको सभामुख पदका लागि दुई जनाको उम्मेदवारी दर्ता भएको छ। सत्तारूढ सात दलीय गठबन्धनको तर्फबाट जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक राम अशीष यादवले मनोनयन दर्ता गर्नुभयो। त्यस्तै एमालेका त्रिलोकी प्रसादले पनि सभामुख पदमा उम्मेदवारी दर्ता गराउनुभएको प्रदेशसभा सचिवालयका प्रवक्ता विपिन ठाकुरले जानकारी दिनुभयो। गएको मङ्सिर ३ गते तत्कालीन सभामुख रामचन्द्र मण्डललाई पद अनुकूलको आचरण नगरेको आरोपमा सात दलीय गठबन्धनले दुईतिहाइ बहुमतबाट पदमुक्त गरेका थिए। भोलि सभामुख पदका लागि चुनाव हुने तालिका छ।

# मधेसका ८ जिल्लामा हटाइयो घुमुवा प्रहरी

जनकपुर, ४ पुस। मधेस प्रदेशका विभिन्न जिल्लामा घुमुवा प्रहरीका कारण सर्वसाधारणमा त्रास फैलिएको तथा अनियमित गतिविधि बढेको जनगुनासो व्यापक रूपमा आएपछि मधेस प्रदेश प्रहरी कार्यालयले कडा कदम चालेको छ। प्रहरी संगठनभित्र पारदर्शिता र जनविश्वास कायम गर्ने उद्देश्यसहित मधेस प्रदेशका ८ जिल्लामा कार्यरत घुमुवा प्रहरीलाई हटाइएको मधेस प्रहरी कार्यालयले जनाएको छ।

पछिल्लो समय घुमुवा प्रहरीको नाममा अवैध असुली, डर त्रास देखाउने, व्यापारी तथा सर्वसाधारणलाई अनावश्यक दबाब दिने लगायतका गतिविधि बढेको भन्दै स्थानीय बासिन्दा, नागरिक समाज तथा जनप्रतिनिधिहरूबाट निरन्तर गुनासो आइरहेका थिए। ती गुनासोलाई गम्भीरतापूर्वक लिँदै मधेस प्रहरी कार्यालयले आन्तरिक समीक्षा तथा निगरानीपछि यस्तो निर्णय लिएको हो। मधेस प्रदेश प्रहरी कार्यालय, जनकपुरधामका प्रहरी नायब महानिरीक्षक ( डिआइजी ) गोबिन्द थपलियाले घुमुवा प्रहरी हटाइएको विषय पुष्टि गर्दै भने, 'मधेस प्रदेशका केही जिल्लामा घुमुवा प्रहरीको गतिविधिबारे जनस्तरबाट गम्भीर गुनासो प्राप्त भएको थियो। प्रहरी संगठनप्रति जनविश्वास कमजोर हुने कुनै पनि गतिविधि सह्य हुँदैन। त्यसैले प्रारम्भिक छानबिन र मूल्यांकनपछि ८ जिल्लाबाट घुमुवा प्रहरी हटाउने निर्णय गरिएको हो।'

उनका अनुसार घुमुवा प्रहरीको अवधारणा नै दुरूपयोग भएको देखिएकाले तत्कालका लागि उक्त अभ्यास रोकिएको र अबदेखि प्रहरी परिचालन स्पष्ट जिम्मेवारी, पहिचान र कार्यक्षेत्रसहित गरिनेछ। 'अब कुनै पनि प्रहरी कर्मचारी बिना परिचय, बिना आदेश र बिना जिम्मेवारी फिल्डमा परिचालित हुँदैनन्,' डिआइजी थपलियाले स्पष्ट पारे। प्रहरी कार्यालयका अनुसार हटाइएका घुमुवा प्रहरीको भूमिकाबारे थप आन्तरिक अनुसन्धान समेत अघि बढाइएको छ।

यदि कसैले अधिकारको दुरूपयोग, आर्थिक अनियमितता वा गैरकानुनी कार्य गरेको पाइएमा सम्बन्धित प्रहरी कर्मचारीमाथि विभागीय तथा कानुनी कारबाही गरिने चेतावनी दिइएको छ। डिआइजी थपलियाले भने, कुनै प्रहरीले घुमुवाको नाममा असुली गरेको जनगुनासो आए खबर गर्नू।'

स्थानीयवासीहरूले भने मधेस प्रहरीको यो कदमलाई सकारात्मक रूपमा लिएका छन्। लामो समयदेखि घुमुवा प्रहरीको नाममा हुने दुर्व्यवहार, डरधम्की र अवैध असुलीले जनजीवन प्रभावित हुँदै आएको उनीहरूको भनाइ छ। 'प्रहरी जनताको सुरक्षाका लागि हो, त्रास फैलाउनका लागि होइन,' एक स्थानीय व्यवसायीले प्रतिक्रिया दिए। मधेस प्रहरी कार्यालयले आगामी दिनमा समुदाय-मैत्री प्रहरी सेवा, नियमित अनुगमन, गुनासो सुनुवाइ संयन्त्र सुदृढीकरण तथा प्रहरी आचरणमा कडाइ गर्ने जनाएको छ।

यस कदमले प्रहरी संगठनप्रति जनविश्वास बढ्ने र कानून कार्यान्वयन अझ प्रभावकारी हुने अपेक्षा गरिएको छ।

# जेनेरेटरमा कपाल फसेर घाइते भएकी बालिकाको मृत्यु

**विनय कर्ण**

सप्तरी, ५ पुस। सप्तरीको बोदेबर्साइन नगरपालिकामा आयोजित एक विवाह समारोहमा नाच्ने क्रममा जेनेरेटरमा कपाल फस्दा गम्भीर घाइते भएकी एक बालिकाको उपचारका क्रममा मृत्यु भएको छ। मङ्सिर ११ गते राति बोदेबर्साइन नगरपालिका-१, महनौरीस्थित प्रमोद यादवको छोरीको विवाह समारोह थियो। सोही समारोहमा नाचिरहेकी शम्भुनाथ नगरपालिका वडा नम्बर ३ घर भएकी १४ वर्षीया खुश्बु पालको कपाल जेनेरेटरमा फस्दा टाउकोको कपाल र छाला तानिएर गम्भीर घाइते हुनु भएको हो।

घटनापछि स्थानीयवासीले तत्काल घाइते बालिकालाई उपचारका लागि गजेन्द्रनारायण सिंह अस्पताल, राजविराज लगेका थिए। त्यहाँ प्रारम्भिक उपचारपछि थप उपचारका लागि विराटनगर र मङ्सिर १२ गते थप उपचारका लागि कीर्तिपुर अस्पताल, काठमाडौँ पठाइएको थियो। उपचारपछि काठमाडौँबाट घर ल्याउने क्रममा अवस्था गम्भीर भएपछि प्रादेशिक अस्पताल सिराहा लगिएको थियो। त्यहाँ शुक्रबार राति १:३० बजे चिकित्सकले खुश्बु पाललाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो। मृतकको शव हाल प्रादेशिक अस्पताल लहानमै रहेको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# सिरहामा दुई मुद्दाका तीन फरार प्रतिवादी पक्राउ

**मणिलाल विश्वकर्मा**

लहान, ५ पुस। सिरहा प्रहरीले जिल्लाको तीन ठाउँबाट दुई मुद्दाका तीन फरार प्रतिवादीलाई पक्राउ गरी अदालतमा बुझाएको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार अर्नमा गाउँपालिका र सुखीपुर तथा कल्याणपुर नगरपालिकाबाट सवारी ज्यान, लागुऔषध मुद्दाका तीन फरार प्रतिवादीलाई पक्राउ गरी सिरहा जिल्ला अदालतमा बुझाइएको हो। सिरहा जिल्ला अदालतको गत १ मंसिरको पत्रअनुसार सवारी ज्यानसम्बन्धी मुद्दाका फरार प्रतिवादी सुखीपुर- ८ का करिब ४३ वर्षीय दीपेन्द्रकुमार सिंहलाई पक्राउ गरी शुक्रबार जिल्ला अदालतमा पेस गरिएको सिराहा प्रहरीका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक ओमप्रकाश पण्डितले जानकारी दिए।

त्यस्तै, लागुऔषध मुद्दामा एक महिना कैद फैसला तोकिएका अर्नमा- ५ का करिब २९ वर्षीय कृष्ण साहलाई पनि खोजतलासको क्रमा पक्राउ गरी अदालतमा बुझाइएको उनले बताए। उनका अनुसार कल्याणपुर- २, चतरीबाट चालू सवारी ज्यान मुद्दाका स्थानीय करिब ६८ वर्षीय सकुन मुखियालाई लुकीछिपी बसिरहेको अवस्थामा पक्राउ गरी थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

**ब्राउन सुगरसहित फेरि दुई पक्राउ**

प्रहरीले प्रतिबन्धित लागुऔषध ब्राउन सुगरजस्तो देखिने पदार्थसहित दुईजनालाई पक्राउ गर`को शुक्रबार पुनः दुईजनालाई पक्राउ गरेको छ। सिरहाको धनगढीमाई नगरपालिका- ८ स्थित कसहा प्रहरी चौकी र लागुऔषध नियन्त्रण ब्युरो गोलबजारबाट खटिएको संयुक्त टोलीले गोप्य सूचनाको आधारमा अटोमा लुकाएको ब्राउन सुगर जस्तो देखिने पदार्थसहित दुईजनालाई पक्राउ गरिएको सिरहा प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार चेकजाँचको क्रममा ज.१ ह ३९३० नम्बरको अटोमा चालकको सिटमुनि लुकाएको प्लास्टिकबाहेक ६.५ ग्राम खैरो हिरोइनजस्तो देखिने पदार्थ बरामद भएपछि चालक दाङ जिल्लाको बागमोर नगरपालिका- ७ का करिब २९ वर्षीय देवराज ओली र अटोमा सवार सिन्धुलीको कमलामाई नगरपालिका- ६ र तमाटाका करिब ३४ वर्षीय सुशील अधिकारीलाई पक्राउ गरिएको छ। पक्राउ गरिएका दुवैजनालाई लहान प्रहरीमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# अगामी चुनावबाट मधेसीले अधिकार पाउँदैनन्, नयाँ ढंगले संघर्ष गर्नुपर्छ : सीके लाल

काठमाडौँ, ५ पुस। राजनीतिक विश्लेषक सीके लालले आगामी निर्वाचनबाट पनि मधेसी समुदायले आ नो पूर्ण अधिकार प्राप्त गर्न नसक्ने ठोकुवा गरेका छन्। मधेस एकता समाजले शनिबार काठमाडौँमा आयोजना गरेको 'परिवर्तनशील समयमा मधेस' विषयक विचार मन्थन कार्यक्रममा लालले मधेसीको अधिकारका लागि नयाँ ढंगको संघर्ष आवश्यक रहेको बताएका हुन्।

विश्लेषक लालले हालैको जेनजी आन्दोलनमा मधेसी युवाहरूको सहभागिता रहे पनि त्यसको उपलब्धिमा मधेस कतै नदेखिएको टिप्पणी गरे। उनले भने, 'जेनजी र सरकारबिच भएको सम्झौतामा मधेसीहरू केवल दर्शक मात्र बने। आन्दोलनमा सहभागी भए पनि मधेसीले त्यसबाट केही पाउन सकेनन्, किनभने राज्यले अझै पनि मधेसीलाई पूर्ण रूपमा नेपाली स्वीकार गरिसकेको छैन।'

देशको वर्तमान अवस्था मधेसको अनुकूल नरहेको उल्लेख गर्दै उनले अहिलेको परिस्थिति सन् १९९० को जस्तै रहेको बताए। 'युवाहरू परिवर्तनका लागि सडकमा आएका छन्, तर त्यो परिवर्तन कस्तो हुन्छ भन्ने कुरा सोचनीय छ,' लालले थपे, 'अहिलेको अवस्था मधेसका लागि सहज छैन, अनुकूल समयका लागि केही प्रतीक्षा गर्नुको उपाय देखिँदैन।'

संविधानका विषयमा उनले मधेसीको रगतबाट लेखिएको वर्तमान संविधान मधेसीकै पक्षमा नरहेको दाबी गरे। उनले यो संविधानको पुनर्लेखन वा व्यापक संशोधन नभएसम्म मधेसीका अधिकार सुरक्षित नहुने स्पष्ट पारे। आगामी निर्वाचनले मात्रै मधेसका समस्या समाधान नगर्ने बताउँदै उनले अधिकार प्राप्तिका लागि नयाँ ढंगले संघर्ष गर्नुपर्ने बताए। मधेसको राजनीतिक भविष्य र नेतृत्वबारे चर्चा गर्दै लालले मधेसमा असल नेतृत्व चाहिने र त्यसका लागि केही समय लाग्ने पनि बताए। 'नेतृत्व र नेता एकैदिनमा जन्मिने कुरा होइन, यसका लागि समय लाग्छ,' उनले भने।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)